# दलित वाच समूह राष्ट्रिय जनगणना २०६८

ई-न्युजलेटर

**हटलाइन सेवा ९८५११-३३१९७**

Census Special eNewsletter Issue-3 July 2011 Email: dnf@dnfnepal.org


## यसभित्र:


दलित गणक राख्न कन्ज्युस्याँइ

सिन्धुपाल्चोकमा तालाबन्दी

राष्ट्रिय जनगणना २०६८को प्रारम्भिक समिक्षा

विभिन्न जिल्लामा अन्तरकृया सम्पन्न

दलितले जात परिवर्तन गरे

पाँच बुँदे सम्झौता जिल्लामा नपुगेको गुनासो




बर्दियामा राष्ट्रिय जनगणना २०६८को अभिमुखिकरण कार्यक्रमका सहभागीहरु

## दलित गणक राख्न कन्ज्युस्याँई

काठमाडौं । केन्द्रीय तथ्याङक विभागले कोही नछुटौं, कोही नदोहोरिऔं भन्ने नारा तय गरेर शुरु गरेको जनगणनामा धेरैजसो जिल्लाहरुमा दलित गणक राख्न हिच्किचाएको पाइएको छ । समावेशीको कुरा गरे पनि जिल्लाहरुमा दलित गणकको संख्या न्युन छ ।

पाल्पामा ३ सय ३५ जना गणक रहेकामा १५ जना दलित छन् । जिल्ला स्तरमा बनाइएको जनगणना जिल्ला समन्वय समितिमा १५ सदस्यमध्ये ५ जना दलित छन् । गुल्मीमा भने ३ सय ६९ गणकमध्ये १० जना गणक र २ जना सुपरिवेक्षक थिए । चितवनमा ६ सय ६७ जना गणक रहेकोमा ४५ जना दलितले गणक हुने अवसर पाएका थिए । जुन झण्डै ७ प्रतिशत हो । नवलपरासीमा ५ सय ७७ जना गणक राखिएकोमा दलित कति छन् भनेर जिल्ला जनगणना अधिकृत तुलसी पौडेलले दिन सकेनन् ।

यसैअनुसार समानुपातिक हुनुपर्ने चौतर्फी आवाज उठिरहेको भएपनि बर्दियामा भएको जनगणनामा गणक तथा सुपरभाइजरमा समानुपातिक हुनसकेन । बर्दियामा ३ सय २० जना गणक रहेकोमा ८ जना मात्रै दलित राखिएको छ । त्यसै गरी ७४ जना सुपरभाइजर राखिएमा जम्मा ३ जना मात्रै दलित छन् ।

सुदुरपश्चिमको कन्चनपुरमा ३ सय ६९ जना गणक राखिएकोमा २८ जना दलित परेका छन् । ८२ जना सुपरिवेक्षक राखिएकोमा ८ जना दलित परेका छन् । स्याङ्जामा ३ सय ६० गणकमध्ये १० जना दलित र ८२ जना सुपरिवेक्षक राखिएकोमा २ जना मात्रै दलित राखिएको छ । झापामा ८ सय गणकमध्ये २८ दलित छन् । सल्यानमा २ सय २५ गणकमध्ये २ जना मात्र दलित छन् । पर्वतमा भने गणक र सुपरिवेक्षक दुवै राखिएको छैन । पर्वतमा दलितहरुको घना बस्ती छ ।

## सिन्धुपाल्चोकमा तालाबन्दी

काठमाडौं । सरकारले कोही नछुटौं कोही नदोरिऔं भन्ने नाराका साथ सरकारले यस वर्ष असार ३ गतेदेखि १३ गतेसम्म पहिलो चरणको जनगणना कार्य सम्पन्न भएको छ । दोस्रो चरणका लागि पाँच दिनको म्याद थपेको छ । जनगणनाका लागि यसपटक करिव ३४ हजार गणकहरु खटाएको थियो । जनगणना कार्य समावेशी गणक राख्ने सहमति भएको भए पनि सिन्धुपाल्चेकमा गणक राख्न दलितहरुले तालाबन्दी नै गर्नुपरेको छ ।

२२ जेठमा जिल्ला जनगणना कार्यलयमा तालाबन्दी गरे पछि मात्रै जिल्ला जनगणना समन्वय समितिमा एक जना दलितलाई राखिएको छ । जिल्लामा रहेका कुल ५१५ जना गणकमध्ये ११ जना मात्रै दलित राखिएको छ ।

शुरुमा जिल्ला शिक्षा कार्यलयले जिल्ला जनगणना कार्यालयलाई ३ सय जना शिक्षक उपलब्ध गराएकोमा एकजना दलित शिक्षकको ना समावेश गरेको थियो । राजनीतिक भागवण्डामा पनि दलितले न्याय पाउन सकेनन् । ५०-५० जनाको भागवण्डा गरेका नेकपा एमाले, नेपाली कांग्रेस र एनेकपा माओवादीले बल्लतल्ल ११ जना दलितलाई गणकमा राखेका थिए । दलितलाई गणक नराखेपछि दलित सरोकार साझा सञ्जालले गणक र सुपरिवेक्षक नियुक्तिका सवालमा पुनर्विविचार गर्न जेठ १९ मा ध्यानाकर्षण पत्र दिएको पाइयो । तर जिल्ला जनगणना अधिकृत रामकृष्ण रेग्मीले सञ्जालको ध्यानाकर्षणको कुनै वास्ता नगरेपछि जेठ २२ मा जिल्ला जनगणना कार्यालयमा तालावन्दी गर्न बाध्य भएका थिए । धेरै छलफलपछि जिल्ला समन्वय समितिमा रत्न विश्वकर्मालाई नियुक्ति गरेको थियो ।

दलितहरुले आन्दोलन गरेकै कारण असार ३ मा जिल्ला जनगणना कार्यलयले लोकबहादुर विश्वकर्मा, बिक्रम सुन्दास, रामबहादुर सुनार र रविन्द्रकुमार खातीलाई जनगणना परिवेक्षकमा नियुक्ति गर्न बाध्य भएको सिन्धुपाल्चोकका दलितहरुले बताएका छन् ।

# दलित वाच समूह राष्ट्रिय जनगणना २०६८

ई-न्युजलेटर

हटलाइन सेवा ९८५११-३३१९७

Census Special eNewsletter Issue-3 July 2011 Email: dnf@dnfnepal.org




सानत्वना शर्मा- प्रमुख, जिल्ला जनगणना कार्याल भक्तपुर, राष्ट्रिय जनगणना २०६८ को अभिमुखिकरण कार्यक्रममा बारे जानकारी

## विभिन्न जिल्लामा अन्तरकृया सम्पन्न

काठमाडौं । 'कोही नछुटौं, कोही नदोहोरिऔं' भन्ने मुल नाराका साथ शुरु भएको राष्ट्रिय जनगणनामा सल्यानका दलितहरुले दलित गैरसरकारी संस्था महासंघले पठाएको पोष्टर विभिन्न स्थानमा टाँसेका कारण दलितलाई आफ्नो जात लेखाउन सजिलो भएको सल्यानबाट दलित विकास समाजले जनाएको छ ।

असार ५ मा दलित विकास समाजले प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद आचार्यको प्रमुख आथित्य र राजनीतिक दलका प्रतिनिधि, स्थानीय विकास अधिकारी, दलित संकठनका प्रतिनिधि, गैससका प्रतिनिधि, स्थानीय सञ्चारकर्मीको उपस्थितीमा एक दिने अन्तरक्रिया सम्पन्न गरेको छ । जनगणनालाई सफल पार्न असार ६ मा विभिन्न गाविसमा जनगणनाका बारेमा सचेतना कार्यक्रम सम्पन्न गरिएको छ । कास्कीमा अन्तरक्रिया कार्यक्रम गरिएको छ भने पर्वतमा पनि दलित संगठनका भातृसंगठनका प्रतिनिधि, जिल्ला जनगणना कार्यालयका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि सहभागी भएर अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो । स्याङ्जामा दलित गैरसरकारी संस्था महासंघको पहलमा वृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

यता वर्दिया, सुर्खेत, जाजरकोट, डोल्पा, हुम्ला, रोल्पा, रुकुम, र दैलेखमा पनि दलित वाचमा आबद्ध १० वटा संघ संस्थाहरुले जिल्ला स्तर र गाउँस्तरमा अन्तरक्रिया, सचेतना गोष्टी र छलफलहरु चलाएका छन् ।

आठ जिल्लामा ७७ स्थानमा पोष्टरहरु टाँसिएका छन् भने सुर्खेतमा जिल्लास्तरीय १७ सदस्य छायाँ अनुगमन समिति गरिएको नेपाल पीडित समुदाय संरक्षण केन्द्र ( नेप्सकोन) ले जनाएको छ ।

## राष्ट्रिय जनगणना २०६८ को प्रारम्भिक समिक्षा

काठमाडौं । १० वर्षपछि भएको जनगणनामा के कस्ता प्रगति भन्ने विषयमा दलित गैरसरकारी संस्था महासंघले जनगणना सम्बन्धी परियोजनाको १३ दिनको समिक्षा गरेको छ । महासंघको कार्यालयमा असार १४ मा बसेको बैठकले दलित समुदायको वास्तविक तथ्याङक आए नआएको बारेमा परियोजनाले गरेको १३ दिने कार्यक्रमको समिक्षा गरेको हो ।

सो परियोजनामा संलग्न सम्पर्क संयोजकहरु संलग्न सो बैठकले नमुना छनौटको आधारमा गणकहरुले जनसंख्या टिपेकाले सही तथ्यांक आउन नसक्ने निष्कर्ष निकालेको छ । एक जनाले गणकको तालिम लिए पनि जनगणनामा अर्कै व्यक्ति संलग्न भएकोले पनि वास्तविक जनसंख्या आउन नसक्ने, अर्घाखाचीको धातीवान, धाकावान, असुरकोट र भैरहवाका दलितले जात स्पष्ट नलेखाएर दलित आफैले जात छलेको पाइएको निष्कर्ष निकालिएको छ ।

दलित गैरसरकारी संस्था महासंघका सचिव अमृत विश्वकर्मा, कार्यकारी निर्देशक सुमन विश्वकर्मा, परियोजना अधिकृत सरोज विश्वकर्मा, दलित महिला संघकी सचिव पुण्यवती रम्तेल, जागरण मिडिया सेन्टरका महासचिव दीपक विश्वकर्मा, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका रुद्र चर्मकार र धनबहादुर मिजार, दलित सेवा संघका दान विश्वकर्मालगायत सहभागी सो बैठकले अनुगमन टोली अनुगमनमा नगएका कारण कतिपय जिल्लामा समस्या उत्पन्न भएको निष्कर्ष निकालेको छ ।

## दलितले जात परिवर्तन गरे

काठमाडौं । कुनै ठाउँमा दलितले चाहेर पनि आफ्नो जात लेख्न नपाएको समाचार सार्वजनिक भइरहेको छ । तर कतिपय ठाउँमा भने दलितले आफ्नो जात लेख्न हिच्किच्याहेको पनि पाइएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको काभ्रे -५ मा रहेका मिजारहरुले आफ्नो जात मिजार लेख्न नमानेपछि स्थानीय दलित संघ संस्था र दलित अधिकारकर्मीहरुको पहलमा आफ्नो जात लेख्न लगाइएको थियो । सिन्धुपाल्चोकमा पनि दलितले आफ्नो जात लेख्न नमानेपछि दलि अधिकारकर्मी र जनगणनामा संलग्न दलितहरुले सम्भाएपछि मात्रै आफ्नो जात लेखेका थिए । कास्कीमा भने दलितको क्षेत्री बाहुनको थर मिल्नाले जात के लेख्ने भन्नेमा गणकहरु नै द्विविधामा परेका थिए । तर त्यहाँ दलितले पनि उच्च जात लेखाएकोमा अनुगमनकर्ताहरुको पहलमा आफ्नै जात लेखाइएको थियो । बर्दियाको सानेश्री- ५ मा रहेका सार्कीहरुले जात लेख्न नमानेपछि स्थानीय अनुगमनकर्ताहरुको पहलमा पुन जात लेख्न लगाइएको थियो । बर्दियाकै गुलरिया- ५ मा भने गणकहरुले पुरा सूचना नलिएको बर्दियाबाट गणेश विश्वकर्माले जनाएका छन् ।

## पाँच बुँदे सम्झौता जिल्लामा नपुगेको गुनासो

काठमाडौं । केन्द्रीय तथ्याङ्क विभाग र दलित गैररकारी संस्था महासंघ लगायतका नौ वटा संघ संस्थासँग भएको पाँच बुदे सहमतिलाई विभागले समयमै जिल्लाहरुमा नपुराइदिएका कारण गणकहरुमा दलित नराखिएको जिल्लाका तथ्यांक अधिकृतहरुले बताएका छन् ।

कास्की र स्याङ्जा जस्तो सुविधा सम्पन्न जिल्लाम समेत समयमा पाँच बुँदे सहमति नआउदाँ दलित संघ संस्थासँग भएको सहमति कार्यान्वयन गर्न नसकिएकोमा त्यहाँ जिल्ला जनगणना अधिकृतहरुले क्षमायाचना गरेका छन् । स्याङ्जामा दलित गैरसरकारी संस्था महासंघका कार्यकारी निर्देशक सुमन विश्वकर्मा अनगमनका लागि पगेपछि दलितलाई जिल्ला अनगमन समन्वय समितिमा आमन्त्रित सदस्य राखिएको थियो ।